# बर्दघाट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः-२०८०/०८१
च.नं.

वोलपत्र/सिलवन्दी दरभाउपत्र आह्वान सम्बन्धी १५ दिने सूचना

**दोश्रो पटक प्रकाशित मितिः ०८१।०१।१२**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ क र यस नगरपालिकाको आर्थिक ऐन, २०८० बमोजिम चालु आ.व.०८१।०८२ को जेष्ठ मसान्त सम्मको लागि यस नगरपालिका वडा नं ५, १४ र १६ अन्तर्गत पर्ने खजुरा खोला ठेक्का-बन्दोवस्त गर्न मिति ०८०/१०/२५ को नगरकार्यपालिका वैठकको निर्णय तथा स्वीकृत वातावरणीय प्रतिवेदन (IEE) र नगरसभाबाट स्वीकृत दररेट बमोजिम तपसिल अनुसारको आय ठेक्काको राजश्व उठाउने सम्बन्धमा इच्छुक कम्पनी वा फर्मको इजाजत पत्र, आय कर दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, कम्तीमा आ.व. ०७९/०८० आय कर चुक्ताको प्रमाण संलग्न राखी WWW.bolpatra.gov.np/egp मार्फत विद्युतिय वोलपत्र (E-Bidding) मार्फत शीलवन्दी वोलपत्र/दरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सरोकारवाला फर्म वा कम्पनीहरु सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ ।

तपशिल

| आय ठेक्का नं | आय ठेक्काको नाम | संकलन/उत्खनन् गर्नुपर्ने परिमाण ( घन फिटमा ) | विक्रि दर मु.अ.कर वाहेक रु | न्यूनतम बोलपत्र रकम अंक रु. ( भ्याट र अग्रीम कर वाहेक) | ठेक्का अवधि | धरौटी रकम रु | वेलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १/०८०/०८१ | खजुरा खोला बर्दघाट न.पा. | २,९२,०५२.३० | १७ | ४९,६४,८८९।१० | ०८१ जेष्ठ मसान्त | २,४८,२४४।४५ | ३००० |

## ठेक्का सम्बन्धी शर्तहरुः

(१) कार्यालयबाट प्रमाणित भएको वोलपत्र फाराम WWW.bolpatra.gov.np/egp बाट Download गरी तोकिएको दस्तुर रु ३००० रकम एन.आई.सी एसिया बर्दघाट शाखामा रहेको राजश्व खाता ०८३२०५००२८२११००२ खातामा जम्मा गरेको भौचर बोलपत्र साथ पेश गर्नु पर्नेछ । खरीद भएका बोलपत्रको पानामा सही छाप, फर्मको नाम, ठेगाना र ठेक्काको नाम, कवोल अँक इत्यादी विवरण भरी मिति ०८१/०१/२७ गते १२:०० वजे सम्म UpLoad गर्न सकिने छ ।

(२) पेश भएका टेण्डरहरु मिति ०८१/०१/२७ गते दिनको १:०० वजे ठेकेदार आफै वा ठेकेदारको प्रतिनिधीको रोहवरमा खोलीनेछ । सो सयमा ठेकेदार आफै वा ठेकेदारको प्रतिनिधिको उपस्थिति नभए पनि कार्यालयका प्रतिनिधीहरुको रोहवरमा टेण्डर खोल्न वाधा पर्नेछैन ।

(३) टेण्डर फारम पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमशः सो को भोली पल्ट कार्यालय खुलेको दिन मान्य हुनेछ ।

(४) पेश भएको बोलपत्रमा निर्माण व्यावसायीको अनिवार्य सहि छाप गरी पेश गर्नु पर्नेछ ।

(५) बोलपत्रमा कवुल रकम अंक र अक्षरमा स्पष्टसंग लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

(६) धरौटी वापत न्युनतम कवोल अंकको (VAT वाहेकको) ५% ले हुने तोकिएबमोजिमको रकम रकम रु २,४८,२४४।४५ एन.आई.सी एसिया बर्दघाट शाखामा रहेको .हि.नं. ८३४१४९८४८२५२४००४ खातामा जम्मा गरेको भौचर समेत WWW.bolpatra.gov.np/egp मा वोलपत्रदाताको सहि छाप भएको वोलपत्र फाराम साथ पेश गर्नु पर्नेछ । कार्यालयको छाप नभएको र कार्यालयबाट प्रमाणित नभएको वोलपत्र फारामलाई मान्यता दिइने छैन ।

(७) ठेक्का लिए वापत ठेकेदारले नेपाल सरकार र अन्य निकायलाई बुझाउनु पर्ने सम्पूर्ण कर आफैले बुझाउनु पर्नेछ । उक्त करहरु किस्ता संगै अग्रिम बुझाउनु पर्नेछ ठेक्का रकम बाट घटाउन पाइनेछैन ।

२०८१/०१/१२

प्रमुख प्रशासकीय अधिकृत

पत्र संख्याः-२०८०/०८१
च.नं.

(८) टेण्डर स्वीकृत भएको सूचना पाएको मितिले सात दिन भित्र कवोल अंकको १.५% अग्रिम आयकर तथा १३% मूल्य अभिवृद्धि कर (VAT) बापतको रकम वर्दघाट नगरपालिकाको नामबाट सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाउनु पर्नेछ वा सो वापतको रकम नगरपालिकामा पेश गर्नुपर्नेछ। स्वीकृत ठेक्काको हकमा सम्झौता गर्दाको बखतमा ५०% रकम (नगदै) प्रथम किस्ता र बाँकी रकमको हकमा मान्यता प्राप्त क वर्गको बाणीज्य बैंकको तोकिएको अवधि सम्मको वैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ। तोकिएको समयमा दोश्रो किस्ता रकम नवुझाएमा वैंक जमानतबाट असुल उपर गरिनेछ।

(९) ठेकेदारले नदिजन्य पदार्थ उत्खनन् तथा विक्रि गर्दा हकमा प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन ( IEE) प्रतिवेदनमा उल्लेख गरिएको क्षेत्रहरु (उत्खनन् क्षेत्र १: २७ °३१'५२.३७"N ८३ °४९'५०.६९"E , उत्खनन् क्षेत्र २: २७°३१'४८.१७"N ८३ °४९'३८.००"E , उत्खनन् क्षेत्र ३: २७ °३१'४७.४०"N ८३ °४९'५०.६९"E, बाट प्रतिवेदनमा वार्षिक उत्खनन् गर्ने सिफारिस गरिएको परिमाण जम्मा २,९२,०५२.३० (क्यू.फुट) मात्र भन्दा वढी नहुने गरी नगरसभाले चालु आ.व.को लागि तोकेको दर रेट रु १७०० प्रति (क्यू.फिट) मा उत्खनन् गरी विक्रि वितरण गर्नुपर्नेछ। ठेकेदारले दररेट पेश गरेको दररेट संकलन स्थलको यथार्थ वस्तुस्थिती वुझी पेश गरेको भन्ने वुझीनेछ। उत्खनन/सँकलन गरेको नदिजन्य पदार्थहरु नदिकिनारामा घाटगद्दि गर्न पाइने छैन, तोकिएबमोजिमको घाटगद्दिको व्यवस्था वोलपत्रदाता आफैले गर्नुपर्नेछ यसको लागि तोकिएबमोजिम भन्दा वढी दररेट लिन पाइनेछैन।

(१०) नेपाल सरकार, प्रदेश सरकार र बर्दघाट नगरपालिकाले समय-समयमा जारी गरेको नीति, निर्देशन तथा आदेशको पालना गर्नु ठेकेदारको कर्तव्य हुनेछ।

(११) कुनै कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बर्दघाट नगरपालिकामा सुरक्षित रहने छ। साथै रीत नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

(१२) ठेक्का कवोल गर्ने ठेकेदारले बर्दघाट नगरपालिकाले तोकेको कर उठाउदा प्रयोग गर्ने रसीदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई ती रसीदहरु यस कार्यालयबाट प्रमाणित गराई मात्र प्रयोग गर्नुपर्नेछ। प्रमाणित नगरेको रसिदबाट कर उठाएको उजुरी आएमा कानुन बमोजिम कारवाही गरिनेछ।

(१३) ठेकेदारले उठाउने कर, शुल्क कार्यालयद्धारा तोकिएको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ। राष्ट्रिय राजमार्ग तथा सहायक राजमार्गमा ढाट (तगारो) राखी कर उठाउन पाईने छैन। साथै दररेट सहितको साइनवोर्ड सबैले देख्ने गरी सम्बन्धित केन्द्रमै राख्नु पर्नेछ।

(१४) ठेक्कामा कुनै विवाद भएमा बर्दघाट नगरपालिकाको निर्णय अन्तिम हुनेछ।

(१५) यस सूचनामा नपरेका कुराहरु प्रचलित ऐन, नियम र कानून अनुसार हुनेछ।

(१६) प्रचलित ऐन, नियम, कानून, सम्झौता र सूचनाको शर्तहरु विपरित कार्य गरेमा जुन सुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्ने छ र त्यसबाट कार्यालयलाई हुने हानी नोक्सानी ठेकेदारबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

(१७) नगरपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता भएका व्यक्ति तथा फर्महरुको बोलपत्र स्वीकृत हुनेछैन।

(१८) बोलपत्र सम्बन्धि विस्तृत विवरणको लागि कार्यालयको वेव साइट www.bardaghatmun.gov.np/ www.bolpatra.gov.np/egp मा तथा कार्यालय समय भित्र कार्यालयको फोन नं. ०७८-५८०४०७ मा सम्पर्क गर्न सकिने छ।

२०८१।१।१२

प्रकाश खनाल
प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

| ठेक्का | | टेण्डर |
|---|---|---|

बर्दघाट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बर्दघाट, नवलपरासी

## बर्दघाट न.पा.को आय ठेक्का विद्युतिय वोलपत्र फाराम

दोश्रो पटक सूचनाप्रकाशित मितिः २०८१।०१।१२ गते

| सि.नं. | विवरण | कबोल अंक (भ्याट तथा अग्रीम आय कर वाहेक ) | | | धरौटी | कैफियत |
|---|---|---|---|---|---|---|
| | | न्यूनतमअंक रु. | अंकमा | अक्षरमा | | |
| १ | खजुरा खोला वर्दघाट नगरपालिका | ४९६४८८९.१० | | | | |

टेण्डर पेश गर्ने फर्मको :–

लिनपाउने दररेटःप्रतिघनफिट रु. १७०० का दरले

सहि/छाप :–

नाम, थर :–

ठेगाना :–

सम्पर्क नं :-